# पाठ २ यूहन्ना २

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

काना नगरमा विवाह
येशू मन्दिरमा जानुहुन्छ
येशूले सबै मानिसहरूलाई चिन्नुहुन्छ

---

## काना नगरमा विवाह

---

यूहन्ना २:१-१२-लाई पढ्नुहोस्।

येशू, उहाँकी आमा, र उहाँका चेलाहरू विवाहमा जानुभयो। त्यहाँको चलनअनुसार भोजमा दाखमद्य बाँड़िएको थियो। भोज सकिनुभन्दा पहिल्यै सबै दाखमद्य सिद्धियो। मानिसहरूलाई सहायता पुऱ्याउनका लागि येशू जहिले पनि तयार हुनुहुन्थ्यो। केही गरिदिनका लागि उहाँकी आमा मरियमले उहाँसँग बिन्ती



गरिन्, ताकि ती दम्पत्ति आफ्ना विवाहमा लाजमा नपरून्। यो खाँचो पूरा गर्नको लागि आश्चर्य कर्म वा परमेश्वरको शक्तिको आवश्यकता थियो। आश्चर्यकर्म गर भनी येशूलाई भन्ने कुनै अधिकार मरियमसँग थिएन। उहाँका पिता परमेश्वरसँग मात्र त्यो अधिकार थियो।

आश्चर्यकर्म गर्न शुरू गर्ने समय यही नै हो कि भन्ने कुरामा येशू अझै निश्चित भइसक्नुभएको थिएन, तर समय यही नै हो भन्ने कुरा परमेश्वरले उहाँलाई निश्चित गराउनुभएको थियो। उहाँले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो र त्यहाँको आवश्यकता पूरा गर्नुभयो। परमेश्वरका पुत्रले सबै काम गर्न सक्नुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

१ येशूको पहिलो आश्चर्यकर्मका नतीजाहरू के थिए?

**क.** मरियमले आफ्नो महत्त्वपूर्ण स्थानलाई महसूस गरिन्।
**ख.** उहाँले आफ्नो महिमाको प्रदर्शन गर्नुभयो र उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।
**ग.** येशू दुलहाको असल मित्र बन्नुभयो।

## येशू मन्दिरमा जानुहुन्छ

यूहन्ना २:१३-२२ पढ्नुहोस्।

हरेक वर्ष परमेश्वरका जनहरू निस्तार-चाड़को उत्सव मनाउनका लागि यरूशलेममा भएको परमेश्वरको भवनमा जान्थे। धेरै वर्ष पहिले मृत्युबाट आफ्ना मानिसहरूलाई उद्धार गरेको निस्तार-चाड़को थुमाको सम्झनामा तिनीहरूले थुमाहरूको बलिदान चढ़ाउँथे। मृत्युका दूत तिनीहरूका भूमि भएर जाँदा तिनीहरूले गर्नुपर्ने कुरा परमेश्वरले तिनीहरूलाई बताउनुभएको थियो। प्रत्येक



परिवारले एउटा थुमा मारेर त्यसको रगत आफ्नो घरको ढोकाको चौकोसमा लगाएको थियो। मृत्युका दूत थुमाको रगत लागेको प्रत्येक घरबाट भएर गए। रगत नलागेका अरू सबै घरहरूमा जेठो पुत्रको मृत्यु भयो।

परमेश्वरका थुमा, येशूले मानिसहरूलाई तिनीहरूका अनन्त मृत्युबाट कसरी उद्धार गर्नुहुनेछ भन्ने कुरा यसले चित्रण गरेको छ। अनि निस्तार उत्सवचाहिँ परमेश्वरलाई आराधना गर्नका लागि महत्त्वपूर्ण घटना थियो।

प्रत्येक व्यक्ति परमेश्वरको भवनमा अति मर्यादित र आराधनापूर्ण बनेको थियो। यसको सट्टामा, केही व्यापारीहरूले सबै कुरालाई भ्रष्ट गरिरहेका थिए। येशूले तिनीहरूलाई बाहिर धपाउनुभयो, किनकि तिनीहरूले धर्मको नाउँमा व्यापार गरिरहेका थिए।

आफू को हुँ भन्ने कुरा मानिसहरूलाई देखाउनका लागि मात्र आश्चर्यकर्म गर्न येशूले इन्कार गर्नुभयो। उहाँले मानिसहरूलाई सहायता पुऱ्याउनका लागि नै आफ्ना सबै आश्चर्यकर्महरू गर्नुभयो। तर उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित गर्ने सबैभन्दा ठूलो आश्चर्यकर्मलाई उहाँले उल्लेख गर्नुभएको छ। उहाँले आफ्नो शरीरलाई परमेश्वरको भवनको रूपमा बताउनुभयो, किनकि परमेश्वर उहाँमा हुनुहुन्थ्यो। मानिसहरूले यसलाई नाश गर्नेछन्, र उहाँको शरीरलाई यरूशलेममा नै मार्नेछन्, तर तीन दिनपछि उहाँ चिहानबाट बौरिउठ्नुहुनेछ। यद्यपि, उहाँले भन्नुभएको कुरालाई मानिसहरूले बुझेनन्।

### तपाईंको अभ्यासको निम्ति

२ यरूशलेमको मन्दिरमा येशूले के गर्नुभयो?

**क**. उहाँले व्यापारीहरू र पैसा साट्नेहरूलाई धपाउनुभयो।

**ख**. उहाँले बलिदान चढ़ाउनुभयो।

**ग**. उहाँले मन्दिरलाई भत्काएर यसलाई पुनर्निर्माण गर्नुभयो।

**३** मन्दिरमा हुनुहुँदा येशूले के पाठ सिकाउनुभयो?

**क**. मन्दिरचाहिँ व्यापार गर्ने ठाउँ हो।

**ख**. उहाँले त्यस मन्दिरलाई नाश गर्नुहुनेछ र तीन दिनमा फेरि यसलाई निर्माण गर्नुहुनेछ।

**ग**. उहाँको शरीरचाहिँ मन्दिर हो। उहाँ मर्नुहुनेछ र तीन दिनपछि चिहानबाट बौरिउठ्नुहुनेछ।

## येशूले सबै मानिसहरूलाई चिन्नुहुन्छ

यूहन्ना २:२३-२५ पढ्नुहोस्।

हामीले यस पाठ्यपुस्तक अध्ययन गर्नुको एउटा कारणचाहिँ येशू वास्तवमा को हुनुहुन्छ र हाम्रो निम्ति उहाँले के गर्न सक्नुहुन्छ भनी बुझ्नका लागि हो। यरूशलेममा येशूले गर्नुभएका आश्चर्यकर्महरूलाई धेरै मानिसहरूले देखेपछि तिनीहरूले उहाँमा विश्वास गरेका थिए। येशूको बारेमा बाइबलले सिकाएको कुरालाई हामी विश्वास गरौं।

धेरै मानिसहरूले येशूमा विश्वास गर्छौं भन्छन् तर यसअनुसार कार्यचाहिँ गर्दैनन्। येशू वचन हुनुहुन्छ भनी यदि हामी विश्वास गर्छौं भने, उहाँले सिकाउनुभएको कुरामा पनि हामी विश्वास गर्छौं। उहाँको जीवन हाम्रो ज्योति हो भनी यदि हामी विश्वास गर्छौं भने, उहाँले अगुवाइ गर्नुभएको ठाउँमा हामी जान्छौं। उहाँ परमेश्वरका थुमा हुनुहुन्छ भनी यदि हामी विश्वास गर्छौं भने, हामी उहाँलाई हाम्रा पापहरूका निम्ति बलिदानको रूपमा ग्रहण गर्छौं।

## तपाईंको अभ्यासको निम्ति

४ यूहन्ना २ : २५ कण्ठ गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

अध्ययन प्रश्नहरूका उत्तरलाई तपाईंले पहिल्यै देख्न नसक्नुभएको होस् भन्ने हेतुले तिनीहरूलाई क्रमिक रूपमा राखिएका छैनन्। तपाईंलाई चाहिने उत्तर मात्र हेर्नुहोस् र त्यसलाई पहिले नै हेर्ने कोशिश नगर्नुहोस्।

१ ख) उहाँले आफ्नो महिमाको प्रदर्शन गर्नुभयो र उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।

३ ग) उहाँको शरीरचाहिँ मन्दिर हो। उहाँ मर्नुहुनेछ र तीन दिनपछि चिहानबाट बौरिउठ्नुहुनेछ।

२ क) उहाँले व्यापारीहरू र पैसा-साट्नेहरूलाई धपाउनुभयो।